बेलबारी नगरपालिका
१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः२ संख्याः१० सम्वत् २०७६ चैत्र ०३ गते

## भाग १

## बेलबारी नगरपालिका

शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०७६ (प्रथम संशोधन)

बेलबारी नगरपालिका शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ लाई संशोधन गर्न आवश्यक भएकोले पाँचौ नगर सभाले यो ऐन पारित गरि सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

ऐन नं. १०

# बेलबारी नगरपालिका

## शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०७६

**प्रथम संशोधन/प्रमाणिकरण मितिः २०७६।१२।०३**

| **साविकमा भएको व्यवस्था** | **संशोधन हुन पर्ने** | **कारण** |
|---|---|---|
| दफा २.**परिभाषा** (ग) “कोष” भन्नाले यस ऐनको दफा ९० बमोजिमका | दफा २. **परिभाषा** (ग) “कोष” भन्नाले यस ऐनको दफा ९१ बमोजिमका | मूल ऐन र परिभाषाको दफा नमिलेकाले |
| दफा २ **परिभाषा** (ण) “व्यवस्थापन समिति” भन्नाले दफा २७ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ। | दफा २ **परिभाषा** (ण) “व्यवस्थापन समिति” भन्नाले दफा २७ र ३० बमोजिम गठन हुने सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ। | मूल ऐनको दफा २७ ले सामुदायिक विद्यालयको मात्र जनाउने भएकाले। |
| **दफा (९) को उपदफा** (२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको बेहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ । यसप्रकार संरक्षकत्व प्रदान गरिएका विद्यार्थीका बाबु, आमा, बाजे, बजै विद्यालय सेवा क्षेत्रभित्रै जीवितै रहेका अवस्थामा त्यस्ता संरक्षकका | **दफा (९) को उपदफा** (२) उपदफा (१) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रूपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको बेहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनुपर्नेछ । यसप्रकार संरक्षकत्व प्रदान गरिएका विद्यार्थीका बाबु, आमा, बाजे, बजै विद्यालय सेवा क्षेत्रभित्रै जीवितै रहेका अवस्थामा त्यस्ता संरक्षकका वि.व्या.स.को | मूल ऐनमा दफा नमिलेकाले |

| | | |
|---|---|---|
| वि.व्या.स.को पदाधिकारीका रूपमा दफा (२६) को उपदफा (१) को खण्ड (क) अनुसार छनोट हुन पाउने छैनन । | पदाधिकारीका रूपमा दफा (२७) को उपदफा (१) को खण्ड (क) अनुसार छनोट हुन पाउने छैनन । | |
| **दफा २८.**(१) प्रधानाध्यापकले दफा २६ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनोट गर्नका लागि | **दफा २८.**(१) प्रधानाध्यापकले दफा २७ को उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको छनोट गर्नका लागि | मूल ऐनमा दफा नमिलेकाले |
| दफा ३१ को(ङ) भन्दा तलको वाक्यांश दफा (३०) बमोजिम विद्यालय व्यवस्थापन समिति विघठन भए | दफा ३१ को (ङ) भन्दा तलको वाक्यांश दफा (३१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघठन भए | मूल ऐनमा दफा नमिलेकाल |
| परिच्छेद ७ दफा ४० (१) को क, ख, ग, घ र ङ पछि (५) र (६) | परिच्छेद ७ दफा ४० (१) को क, ख, ग, घ र ङ पछि (२) र (३) | नम्बरको कम नमिलेको |
| दफा ५५ को (३) बडा दसैंको घटस्थापना देखि पूर्णिमासम्म विद्यालय बन्द रहनेछ । | (३) बडा दसैंको विदा संघीय तथा प्रदेश सरकार वा कार्यपालिकाले तोके बमोजिम हुनेछ । | संघीय तथा प्रदेश सरकारबाट प्रकाशित राजपत्र संग मेल नखाएकाले |
| परिच्छेद- १०<br>छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था | परिच्छेद- ११<br>छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- ११<br>बिदा तथा काज सम्बन्धी व्यवस्था | परिच्छेद- १२<br>बिदा तथा काज सम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१२<br>विद्यालयको चिन्ह, नामकरण तथा अन्य व्यवस्था | परिच्छेद-१३<br>विद्यालयको चिन्ह, नामकरण तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१३ | परिच्छेद-१४ | परिच्छेद नमिलेकाले |

| | | |
|---|---|---|
| विद्यालयको सम्पत्ति संरक्षणसम्बन्धी व्यवस्था | विद्यालयको सम्पत्ति संरक्षणसम्बन्धी व्यवस्था | |
| परिच्छेद १४<br>विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था | परिच्छेद १५<br>विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद-१५<br>विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था | परिच्छेद-१६<br>विद्यालयको बजेट, आय व्ययको लेखा तथा अन्य व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- १६<br>नगर शिक्षा कोषको सञ्चालन सम्बन्धी व्यवस्था | परिच्छेद- १७<br>नगर शिक्षा कोषको सञ्चालन सम्बन्धी व्यवस्था | परिच्छेद नमिलेकाले |
| परिच्छेद- १७<br>विविध | परिच्छेद- १८<br>विविध | परिच्छेद नमिलेकाले |
| **दफा १०६.को** (२) गाउँ नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तर विद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। | **दफा १०६.को** (२) नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा समावेश गरी अन्तरविद्यालय प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ। | गाउँ शव्द हटाउन उपयुक्त हुने भएकाले |
| परिच्छेद १७ दफा ११२ (क) दफा १०५ बमोजिमको आचार संहितामा उल्लिखित कुनै पनि विषय एक पटक उलङ्घन गरेमा प्रधानाध्यापकले नसिहत दिनेछ। | परिच्छेद १७ दफा ११२ (क) दफा १११ बमोजिमको आचार संहितामा उल्लेखित कुनै पनि विषय एक पटक उलङ्घन गरेमा प्रधानाध्यापकले नसिहत दिनेछ। | दफा नमिलेकाले। |

**आज्ञाले**
**प्रदिप शाह**
**प्रमुख प्रशासकीय अधिकृत**